श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथि परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### नेपाल राष्ट्र बैंक ऐन, २०१२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल राष्ट्र बैंक ऐन, २०१२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल राष्ट्र बैंक (सातौं संशोधन) ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा २ मा संशोधनः नेपाल राष्ट्र बैंक ऐन, २०१२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ङ) "सिक्यूरिटी" भन्नाले शेयर, स्टक, बण्ड, डिबेन्चर र डिबेन्चरस्टक सम्झनुपर्छ र सो शब्दले शेयर, स्टक, बण्ड, डिबेन्चर र डिबेन्चर-स्टकको डिपोजिट गरेको भरपाई समेतलाई जनाउँछ ।

तर सरकारी प्रतिज्ञापत्र बाहेक अरू प्रतिज्ञापत्र वा विनिमय-पत्रलाई जनाउनेछैन ।"

३. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को उपदफा(२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) नोट निष्काशन बापत सुरक्षणमा रहेको सम्पत्तिबाट उपदफा (१) बमोजिमको दायित्व बाहेक बैंकको अरू दायित्व पूरा गरिनेछैन ।"

४. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को,–

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिम नोट निष्काशन गर्दा सुरक्षण राखी मात्र निष्काशन गरिनेछ र निष्काशित नोटको दायित्व र सुरक्षण बापत राखिएको सम्पत्तिको मूल्य बराबर हुनेछ । सुरक्षण बापत राखिने सम्पत्तिको कमसेकम पचास प्रतिशत सुन, चाँदी, विदेशी मुद्रा, विदेशी सिक्यूरिटी र विदेशी विनिमयपत्रमध्ये एक वा बढीमा र अरू बाँकी प्रतिशत नेपाली सिक्का (मोहर, डबल र सोभन्दा बढी दरको) नेपाली सिक्यूरिटी र राष्ट्र बैंकबाट पुनः भुक्तान दिएको बढीमा अठार महीनाभित्र नेपालमा नै भुक्तानी हुने प्रतिज्ञापत्र वा विनिमयपत्रमध्ये एक वा बढीमा राखिनेछ ।

तर श्री ५ को सरकारले स्वीकृति दिएमा सुरक्षण बापत राखिने सम्पत्तिको कमसेकम पच्चीस प्रतिशत सुन, चाँदी, विदेशी मुद्रा, विदेशी सिक्यूरिटी र विदेशी विनिमयपत्रमध्ये एक वा बढीमा र अरू बाँकी प्रतिशत नेपाली सिक्का (मोहर, डबल र सोभन्दा बढी दरको) नेपाली सिक्यूरिटी र राष्ट्र बैंकबाट पुनः भुक्तान दिएको बढीमा अठार महीनाभित्र नेपालमा नै भुक्तानी हुने प्रतिज्ञापत्र वा विनिमयपत्रमध्ये एक वा बढीमा पनि राख्न सकिनेछ ।"

(२) उपदफा (३) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) सुनको मूल्य संचालक समितिको सिफारिशमा श्री ५ को सरकारले निर्धारित गरी दिएबमोजिमको दरमा ।"

३६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनको दफा २२ क. मा संशोधनः मूल ऐनको दफा २२ क. को सट्टा देहायको दफा २२ क. राखिएको छः–

"२२क. ब्याज दरको निर्धारणः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि वाणिज्य बैंक वा वित्तीय संस्थाले कर्जा वा निक्षेपमा लिने वा दिने ब्याज दर बैंकले तोकिदिएबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम बैंकले ब्याज दर तोक्दा कर्जा वा निक्षेपमा लिने वा दिने पक्षहरूबीच पहिलेदेखि नै भइरहेको कबूलियत वा सम्झौताहरूमा समेत त्यसरी तोकेको मितिदेखि नयाँ ब्याज दर लागू हुने गरी तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम बैंकले ब्याज दर नतोकेको अवस्थामा वाणिज्य बैंक वा वित्तीय संस्थाले ब्याज दर निर्धारण गर्दा बैंकको स्वीकृति लिनु पर्नेछ ।"

६. मूल ऐनमा दफा २२ घ. र २२ ङ. थपः मूल ऐनको दफा २२ ग. पछि देहायको दफा २२ घ. र २२ ङ. थपिएका छन्ः–

"२२ घ. कम्पनीले निक्षेप लिन स्वीकृति लिनु पर्नेः बैंकको पूर्व स्वीकृति बिना कुनै पनि प्राइभेट वा पब्लिक लिमिटेड कम्पनीले निक्षेप स्वीकार गर्न पाउने छैन । कम्पनीलाई निक्षेप स्वीकार गर्ने स्वीकृति दिंदा बैंकले विभिन्न शर्तहरू तोक्न सक्नेछ र त्यस्तो शर्तहरूको पालना गर्नु सम्बन्धित कम्पनीको कर्तव्य हुनेछ ।

२२. ङ. कम्पनीले दिने ब्याज दरमा बन्देजः कम्पनी ऐन, २०२१ मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले डिबेन्चर, ऋण वा निक्षेपमा दिने ब्याज दर निर्धारण गर्दा बैंकले समय समयमा तोकिदिएको अधिकतम दरमा नबढाई निर्धारण गर्नु पर्नेछ ।"

७. मूल ऐनको दफा २३ मा संशोधनः मूल ऐनको दफा २३ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो ग्राहकलाई दिएको पूर्ण सुरक्षित कर्जाहरूको तमसुक वा प्रतिज्ञापत्र ।"

८. मूल ऐनको दफा २५ मा संशोधनः मूल ऐनको दफा २५ को खण्ड (३) मा रहेको "बिल अफ एक्सचेन्जको" भन्ने शब्दहरूको सट्टा "प्रतिज्ञापत्र वा विनिमयपत्रको भन्ने शब्दहरू राखिएका छन् ।

३६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल ऐनको दफा ३२ मा संशोधनः मूल ऐनको दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः–

"३२. वाणिज्य बैंक र वित्तीय संस्थाउपर नियन्त्रणः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा बैंकले दिएको आदेश वा निर्देशन कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाले उल्लंघन गरेमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थालाई बैंकले देहायबमोजिमको कुनै कारवाई गर्न सक्नेछः–

(क) वाणिज्य बैंक वा वित्तीय संस्थाले आफ्नो शेयरहोल्डरहरूलाई दिइने लाभांशको वितरणमा प्रतिबन्ध लगाउने,

(ख) वाणिज्य बैंक वा वित्तीय संस्थाले स्वीकार गर्न सक्ने निक्षेप वा दिनसक्ने कर्जामा प्रतिबन्ध लगाउने,

(ग) वाणिज्य बैंक वा वित्तीय संस्थाको कारोवारमा प्रतिबन्ध लगाउने,

(घ) वाणिज्य बैंक वा वित्तीय संस्थाको इजाजतपत्र निलम्बन वा रद्द गर्ने ।

तर यस उपदफा अन्तर्गत बैंकले गरेको कुनै कारवाई-उपर सम्बन्धित वाणिज्य बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकार-समक्ष पुनरावेदन गर्न सक्नेछ र सो सम्बन्धमा श्री ५ को सरकारबाट भएको निर्णय अन्तिम हुनेछ ।

(२) कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाले दफा २२ ख. बमोजिम तरल सम्पत्तिको मौज्दात नराखेमा वा दफा २२ ग. बमोजिम बैंकमा कोष नराखेमा वा त्यसरी राख्नु पर्ने मौज्दात वा कोष कम राखेमा सो पूर्ति नगरून्जेलसम्मको अवधिको लागि बैंकले त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थालाई दिएको कर्जा वा पुनः कर्जाको रकममा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाले कर्जामा लिने अधिकतम ब्याजभन्दा पाँच प्रतिशतसम्म बढी ब्याज लिन सक्नेछ ।

(३) कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाको कुनै संचालक वा पदाधिकारीले निक्षेपकर्ता वा सर्वसाधारण जनताको हितको विपरीत काम गरेको छ भन्ने कुरामा बैंकलाई मनासिब माफिकको कारण भएमा त्यस्तो संचालक वा पदाधिकारीलाई बैंकले देहायबमोजिमको कारवाही गर्न सक्नेछः–

(क) त्यस्तो संचालक वा पदाधिकारीसंग स्पष्टीकरण लिने,

(ख) खण्ड (क) बमोजिम लिइएको स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो संचालक वा पदाधिकारीलाई नसिहत दिने । ३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाको संचालक वा पदाधिकारी-उपर उपदफा (३) बमोजिम एक पटक कारवाई भई सकेपछि पनि त्यस्तो संचालक वा पदाधिकारीले पुनः निक्षेपकर्ता वा सर्वसाधारण जनताको हित विपरीत काम गरेमा बैंकले त्यस्तो संचालक वा पदाधिकारीलाई हटाउन आदेश दिन सक्नेछ। त्यसरी आदेश दिंदा बैंकले सम्बन्धित संचालक वा पदाधिकारीलाई हटाउनु पर्ने कारणहरू सबै प्रष्ट खुलाई पर्चा खडा गर्नु पर्नेछ।

तर त्यसरी आदेश दिनुभन्दा अघि सम्बन्धित संचालक वा पदाधिकारीलाई आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ।

(५) उपदफा (४) अन्तर्गत बैंकले गरेको कारवाईउपर चित्त नबुझ्ने संचालक वा पदाधिकारीले हटाउने आदेश पाएको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकारसमक्ष पुनरावेदन गर्न सक्नेछ र सो सम्बन्धमा श्री ५ को सरकारबाट भएको निर्णय अन्तिम हुनेछ।"

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३६।७।३।४

३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।